
# लेखापरीक्षण प्रतिवेदन

# सुनकोशी गाउँपालिका, ओखलढुंगा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सुनकोशी गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/41

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ५३ लाख ४७ हजार, गरीब सँग विशेश्वर कार्यक्रमको रु.४ लाख १४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२६ लाख १५ हजार,

पाँच शैया अस्पतालको रु.२ करोड ८४ लाख ७९ हजार र प्रशासकीय भवन निर्माणको रु.६ लाख समेत गरी रु.१३ करोड ७४ लाख ५५ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ८६ करोड ४९ लाख, ८० हजार लेखापरीक्षण गरिएकोमा रू. २ करोड १० लाख ५३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४९ लाख ८७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ८ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख १७ हजार, नियमित गर्नुपर्ने रु. ८२ लाख ६३ हजार र पेस्की बाँकी रु.३१ लाख ४३ हजार रहेको छ। गत वर्षसम्म रु.७ करोड ४२ लाख बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ९८ लाख ५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सुनकोशी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सुनकोशी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

### बेरुजु वर्गीकरण

#### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ७४ | २,१०,५२,८७२ | ० | ५ | ४९,८७,०५१ | ३,०५० | ७० | ६९ | १,६०,६८,८७१ | ८,४५,६६२ | ८२,६२,६६१ | ३८,१७,२७० | ० | ० | १,२०,७९,९३१ | ३१,४३,२७८ |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा | ७,४२,००,००० | ० | १,०४,६३,६९५ | ६३७३६३०५ | ० | १,६०,६८,८७१ | ७,९८,०५,१७६ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७८ | समावेशी अपाङ्गता सेवा समाज अनुदान | ५,००,००० |
| २ | २०८०/८१ | ७२ | प्रमाण पेश | ३,२५,००० |
| ३ | २०८०/८१ | ६०.२ | पाँच शैया अस्पताल भवन निर्माण | ४१,४९,६५१ |
| ४ | २०८०/८१ | ४९ | दोहोरो भुक्तानी | ७,५०० |
| ५ | २०७९/८० | ८१.३ | स्वास्थ्यः | ३,९९,४५५ |
| ६ | २०७९/८० | ८२.२, ८२.६, ८२.७ र ८२.१३ | शिक्षाः | २३,१०,९८५ |
| ७ | २०७९/८० | ७४ | मेड्पा कार्यक्रमको बजेटबाट खरिद: | १,३९,९७३ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ४५ | पाराखोला लघुजलविद्युतः | १,०१,००० |
| ९ | २०७९/८० | ६० | टुक्रा खरिद: | २४,४४,८८२ |
| १० | २०७९/८० | ४७ | जलविद्युत आयोजनाका कर्मचारीलाई तलव: | १,००,००० |
| ११ | २०७९/८० | ५७ | घरभाडा खर्चः | ३,६८,०१० |
| १२ | २०७९/८० | ४१ | अध्यक्षकप खेलकुद कार्यक्रमः | ७,८३,०८० |
| १३ | २०७८/७९ | ५४.२ | शिक्षा तर्फः | ६६,४०० |
| १४ | २०७८/७९ | ५० | कार्यसम्पादन करार अनुदान | ९१,५७८ |
| १५ | २०८०/८१ | २५ | जिन्सी दाखिला | ४,९०० |
| १६ | २०७९/८० | ३१ | पेश्कीः | ३४,७८,३३२ |
| १७ | २०७८/७९ | १५ | पेश्की व्यवस्थापन | १,८०,००० |
| जम्मा | | | | १,५४,५०,७४६ |

# (८०११०५०७३०० - सुनकोशी गाउँपालिका, ओखलढुंगा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल १४३.७५ वर्ग किलोमिटर तथा १८ हजार ५ सय ५० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।९ देखि २०८०।६।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ जम्मा रु.८६,४९,८०,१८२.८५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,०७,२००असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | रन्जु खत्री थापालाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा गाडी भाडा भुक्तानी गर्दा बढी भएको रकम असुल गरी दाखिला गरेको बैंक भौचर पेश भएको । | ७२०० |
| २ | सुर्य ज्योति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि लाई बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको बैंक भौचर पेश भएको । | १००००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | |
|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को जम्मा कारोबार | गत आ.ब. को जम्मा कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ७,५८,९८,३४१.८५ | ७,०९,५०,७२२.५३ |
| १३००० | अनुदान | ३३,८१,५४,००४.८० | ३३,६८,०१,८७८.९२ |
| १४००० | अन्य राजस्व | १२,९७,००३.६४ | ३३,५०,१०१.४७ |
| १५००० | विविध प्राप्ति | १०,९४,०५०.०० | ५,४५,६२१.०० |
| क | कुल जम्मा प्राप्ति | ४१६४४३४००.२९ | ४१,१६,४८,३२३.९२ |
| ३ | चालु | २९,८३,७५,८९५.६८ | २९,८८,२४,०२१.२५ |
| २१००० | पारिश्रमिक / सुविधा | १६,४९,३२,६७३.६९ | १८,३६,२८,९३०.९७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,४७,५४,५३३.९९ | ६,३८,११,९६६.२८ |
| २५००० | सहायता (Subsidy) | ४,९३,२८,०२६.०० | २,७३,४३,६८३.०० |
| २६००० | अनुदान | ०.०० | २४,२६,६६६.०० |
| २७००० | सामाजिक सुरक्षा | ८१,१८,८४०.०० | १,९७,५६,६०४.०० |
| २८००० | अन्य खर्च | १२,४१,८२२.०० | १८,५६,१७१.०० |
| ४ | पूंजीगत | १३,१५,८७,३७५.९० | १२,४३,३९,५८२.०० |
| ३१११० | भवन तथा संरचना | ३,०६,११,६८१.०० | ३,३५,२५,२५३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,४८,८००.०० | १३,२७,४३५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,७१,०००.०० | २,९९,५४२.०० |
| ३११५० | सार्वजनिक निर्माण | १०,०२,५५,८९४.९० | ८,९१,८७,३५२.०० |
| ५ | वित्तीय | ०.०० | ०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४२,९९,६३,२७१.५८ | ४२,३१,६३,६०३.२५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (१,३८,२१,६१७.९८) | (१,१५,१५,२७९.३३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ४४,१७,३९४.९८ | ९,६६,१२८.३० |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | (२,०३६.००) | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (९४,०४,२२३.००) | (१,०५,४९,१५१.०३) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४,२३,४८,०५७.४२ | ५,२८,९७,२०८.४५ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,३२,४५,५८१.११ | ४,२३,४८,०५७.४२ |

२.२ कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण - पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुबाट भएको प्राप्ती तथा भुक्तानी देहाय अनुसार छः

| संकेत | कोष हिसाबको नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ९९,९१,८९६.०० | ३३,३०,००३.०० | ३०,१६,०१५.०० | १,०३,०५,८८४.०० |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ९,६६,५६०.३० | ४७,६१,४४९.९८ | ४०,०६,५८३.०० | १७,२१,४२७.२८ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७,३३५.०० | ३०,००,०००.०० | ५५,४६०.०० | २९,९१,८७५.०० |
| जम्मा | | १,१०,०५,७९१.३० | १,१०,९१,४५२.९८ | ७०,७८,०५८.०० | १,५०,१९,१८६.२८ |

२.३ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।अन्तरसरकारी अख्तियारी समेतको एकीकृत कारोबार देखिने गरी स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची १४ तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,०५,३४,७२२२, गरीब सँग विशेश्वर कार्यक्रमको रु.४,१४,३२०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२६,१५,०००, पाँच शैया अस्पतालको रु.२,८४,७९,४०० र प्रशासकीय भवन निर्माणको रु.६,००,००० समेत गरी रु.१३,७४,५५,९४२ (म.ले.प.फा.नं २७०) को अनुसूची १४ लेखाङ्कन गरेको छैन । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकाले सबै आर्थिक कारोबारको यथार्थ अवस्था देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.४ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१५,३६,७४,२२१.०८, यस वर्षको भुक्तानी रु. १५,३९,७३,९३८.७८ र बैङ्क मौज्दात रु. २,९९,७१०.६९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४,२३,४८,०५७.४२ | ४२७९३८८५३.३ | ४३७०४१३२९.६ | ३,३२,४५,५८१.११ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४,२३,४८,०५७.४२ | ५८१६१३०७४.३८ | ५९१०१५२६८.३८ | ३२९४५८७०.४२ |
| फरक | ० | १५,३६,७४,२२१.०८ | १५,३९,७३,९३८.७८ | २,९९,७१०.६९ |

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ्:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १,५८,६३,११४.०७ | १,६१५४०१५.३७ | २९०९०१.३० |
| चालु खर्च खाता | ७,७७,५८१.३० | २६६१०० | (५११४८१.३०) |
| पुँजीगत खर्च खाता | (२०३६) | २२०५८० | २२२६१६ |
| प्रकोप व्यवस्थापन खाता | २९,९१,८७५ | २९,९१,८७५ | |
| स्थानीय विभाज्य कोष | ७,३८,५९० | ७,३८,५९० | |
| विविध कोष खाता | १७,२१,४२७.२८ | १७,२१,४२७.२८ | |
| धरौटी | १,०३,०५,८८४ | १,०३,०५,८८४ | |
| ग१.१, आन्तरिक राजस्व खाता | ५,४७,३९८.७७ | ५,४७,३९८.७७ | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | | |
| **जम्मा** | ३,२९,४३,८३४.४२ | ३२९४५८७०.४२ | २०३६ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.६ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २,६६,१००, पुँजीगत खर्च खाता मा रु. २,२०,५८० र आन्तरिक राजस्व खातामा रु. ५,४७,३९८.७७, समेत रु.१०,३४,०७८.७७ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ कर दायित्व – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२,०३६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०३६ |

३ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

• नेपाल सरकार अर्थमन्त्रालयको बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शन २०८०।८१ को दफा ६१ मा व्यवस्था भएअनुसार निर्माण व्यवसायी, आपूर्तिकर्ता र सेवा प्रदायक लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विधुतिय प्रणाली मार्फत गर्नुपर्नेमा

पूर्णरुपमा कार्यान्वयन गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गर्ने भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको विभिन्न नर्म्स प्रयोग गरेकोमा कार्यपालिकाबाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुनेगरी स्वीकृत र प्रयोग गरेको देखिएन ।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.६२ करोड ७१ लाख ४५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **बजेट अवण्डा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ३५ लाख अबण्डा बजेट व्यवस्था गरी शिक्षा, स्वास्थ्य र भेटेरिनरिमा रु १० लाखका दरले गरी रु ३० लाख र कृषिमा रु ५ लाख गरी जम्मा रु ३५ लाख विभिन्न शाखागत कार्यक्रममा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

८ **आवधिक योजना** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३,१५,८७,३७५.९० | १,१५,४५,६२५ | १,७२,८१,००१ | २,८३,५४,५४८ | ७,४४,०६,२०१.९० | ५,८९,३५,२०८.९ |
| प्रतिशत | १०० | ९ | १३ | २१ | ५७ | ४५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३,१५,८७,३७५.९०निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,१५,४५,६२५ ( ९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,७२,८१,००१ ( १३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २,८३,५४,५४८ ( २१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७,४४,०६,२०१.९० ( ५७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,८९,३५,२०८.९ ( ४५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढी सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।न ।

१० **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले सभा तथा कार्यपालिकाको निर्णय गरी २५ योजना तथा कार्यक्रमबाट ३६ योजना तथा कार्यक्रममा रु.१ करोड ८ लाख ७ हजार रकमान्तर गरेको पाइयो । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्चको उपलब्धी सार्थक हुने देखिदैन। ऐनमा भएको व्यवस्था विपरित आवश्यकता अनुसार रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशतजम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,७०,७३,१००.०० | ५,२८,२५,०४८.९० | १२.२९ |
| २ | पूर्वाधार विकास | ९,५५,१६,५००.०० | ७,६१,२३,९०७.०० | १७.७ |
| ३ | सामाजिक विकास | २५,८३,२६,७००.०० | २३,६९,७५,८६७.८० | ५५.१२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ९४,५१,०००.०० | ४६,०९,७०६.०० | १.०७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,२९,५०,०००.०० | ५,९४,२८,७४१.८८ | १३.८२ |
| जम्मा | | ४९,३३,१७,३००.०० | ४२,९९,६३,२७१.५८ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी प्रतिशत ५५.१२ र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी १.०७ प्रतिशत रहेको छ ।पालिकाले समानुपातिक रुपले बजेट विनियोजन गरी सोही अनुसारको खर्च क्षमतामा वृद्धि गर्नुपर्दछ ।

१२ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष आन्तिरक आय, राजस्व बाँडफाँड र अनुदानबाट समेत रु. ४१,६४,४३,४००.२९ आम्दानी भएकोमा चालु तर्फ रु. २९,८३,७५,८९५.६८ र पूँजिगत तर्फ रु. १३,१५,८७,३७५.९० गरी जम्मा रु. ४२,९९,६३,२७१.५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आय रु. ४७,११,५८०.७७ को हिस्सा १.१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकी विवरण समाबेश गरी न्यायिक समिति व्यवस्थापन/परामर्श सेवा, महिला स्वास्थ्य सवयंसेविका अतिरिक्त भत्ता र महिला रोग सम्बन्धी शिविर संचालन लगायत १५ कार्यक्रम तथा योजनामा रु.८८ लाख भुक्तानी दिएको छ।पालिकाले बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वको मात्र भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी प्रमाणित गरी भुक्तानी दिनु पर्दछ ।

१४ **यस वर्षको भुक्तानी दिन बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा बिभिन्न ३४ योजना तथा कार्यक्रमको रु.१ करोड १० लाख ४८ हजार भुक्तानी दिन बाँकी रहेको विवरण पेस गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,१५,८७,३७५.९० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **कानून निर्माण र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ ऐन, २ नियमावली, ९ कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । निर्माण भएका कानूनहरुको प्रभावकारी रुपमा परिपालना गर्नुपर्दछ ।

१८ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ९ विवाद दर्ता भएकोमा ३ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२० **करार कर्मचारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायअनुसारका कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ३६,४०,९०४ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.स | पद | नियुक्ती संख्या | वार्षिक तलब भत्ता पोशाक र पर्व खर्च सहित रु. |
|---|---|---|---|
| १ | सहायक चौथो (समाजिक परिचालक) | ३ | १३१३१७८ |
| २ | सहायक चौथो (असिष्टेण्ट सव ईन्जिनियर) | १ | ४३७७२६ |
| ३ | सहायक चौथो ( रिटर्नी स्वयंमसेवक) | ७ | १८९०००० |
| जम्मा | | | ३६,४०,९०४ |

२१ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३ कर्मचारीको रु.९०,०४,३४६ र पालिकाका ३० कर्मचारीको रु. १,८६,५७,०२२ समेत रु.२७६६१३६८ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५ कृषि सहकारी र २ बचत तथा ऋण सहकारी गरी जम्मा ७ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाले अनुगमन निरीक्षण समेत गरेको छैन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२४ **जिन्सी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले मिति २०८१।४।४ मा तयार गरी पेस गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मर्मत गर्नुपर्ने २ मोटरसाईकल र २ ल्यापटप मात्र रहेको अन्य सम्पूर्ण सामान चालु हालतमा रहेको देखाएको छ ।उक्त जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख सुझावहरुको पूर्ण पालना गर्नुपर्दछ । साथै पालिकाले नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणमा देखिएका कैफियत जिन्सीको मर्मत सम्भार, लिलामी/विक्रि लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **जिन्सी दाखिला** -

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ कार्तिक २० को निर्णय नं १ मा सवै संघिय, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने निर्णय भएको छ। पालिकाले तपसिलबमोजिम जिन्सी सामग्री खरिद गरेको र खरिद गरेको सामग्री सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS मा दाखिला नगरी सोझै भुक्तानी दिएको पाईयो। खरिद गरेको सामग्री PAMS मा दाखिला गरी सोहि प्रणालीबाट हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर मिति | विवरण | सामग्री | रकम |
|---|---|---|---|
| ४३,२०८०/९/२३ | वडा नं ३ ले खरिद गरेको १६ वटा स्पेयर | स्पेयर | ४९९९९ |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **४,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,९९९ |

२६ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **फोहरमैला व्यवस्थापन** -

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२८ **हेभी उपकरण** -

पालिकामा रहेको डोजरको आम्दानी र खर्चको अभिलेख छुट्टाछुट्टै नराखेको कारण उक्त सवारीको मर्मत तथा ईन्धनमा भएको खर्च र आम्दानी रकम सम्बन्धमा विश्लेषण गर्न सकिएन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । दिगो रुपमा संचालनका लागि कार्यविधि तथा मापदण्ड तय गरी व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो अनुसार भएको पाइएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

२९ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ७८ जना व्यक्तिहरुलाई रु.५,००० देखि रु.२५,००० सम्म गरी कुल रु.१५,१५,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५०,१३,३२७.४६ को ३० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । सहायता पाउने लाभग्राहीको समेत निवेदनबाहेक अन्य कागपत्र पालिकाले व्यवस्थित राखेको छैन । पालिकाले आन्तरिक आम्दानी विश्लेषण गरी मापदण्ड बनाई सहायता दिनु पर्दछ । केही उदाहरण तपसिलबमोजिम रहेका छन ।

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | सहायता दिनुको कारण | रकम |
|---|---|---|---|---|
| १ | ३,२०८०/६/१७ | श्याम बहादुर कट्टुवाल | मुट्ठ रोग सम्बन्धी नियमित औषधी सेवन | २५००० |
| २ | ८४,२०८०/८/११ | दाल बहादुर वस्नेत | आगलागि भई घर क्षति भएको | २०००० |
| ३ | १२७,२०८०/९/१८ | धुर्व कुमार राया | गाडीबाट दुर्घटना भई मेरुदण्ड भाँचिएको | २५००० |
| ४ | १३७,२०८०/९/२५ | चाम प्रसाद धमला | अविरल वर्षाले घर बस्न जोखिम भएको | ५००० |

३० **अनुदान फिर्ता** –

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम रु. १,९४,४२,०८१ सम्बन्धित निकायमा फिर्ता मिति २०८०।३।२८ गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| सङ्घीय सरकार | शसर्त | २३८५३३००० | २२५२८६८४६.८ | १३२४६१५३.२ | १३२४६१५३.२ |
| | विषेश | ७५००००० | ६८१५९१४ | ६८४०८६ | ६८४०८६ |
| | समपूरक | ५०००००० | ३०७१६३४ | १९२८३६६ | १९२८३६६ |
| प्रदेश सरकार | शसर्त | १४५५१००० | १३९८५२९१ | ५६५७०९ | ५६५७०९ |
| | समपुरक | १०००००००० | ६९८२२३३ | ३०१७७६७ | ३०१७७६७ |
| जम्मा | | २७५५८४००० | २५६१४१९१९ | १९४४२०८१ | १९४४२०८१ |

३१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु. २९,२६,५०२ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| क्र.स | पेश्की विवरण | पेश्की लिनेको नाम/पद | रकम |
|---|---|---|---|
| **कर्मचारी** | | | |
| १ | पदाधिकारी वैठक भत्ता, संचार तथा इनटरनेट, पानी बिजुली, मसलन्द तथा कार्यलय सामाग्री ,भ्रमण भत्ता, सवारी मर्मत, सवारी इन्धन, विविध खर्च | (सहायक चौथौ) रोशन गिरी | १२५००० |
| २ | पदाधीकारी ईन्धन / मेसिनरी | (हलुका सवारी चालक ) सोनाम तामाङ | २००००० |
| ३ | स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवतीउत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुकोनिशुल्क उपचार कार्यक्रम | (सि अ हे व) नेत्र बहादुर कट्टुवाल | २५०००० |
| ४ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचाल | (सहायक पाँचौ )समर्पण कार्की | ६०००० |
| ५ | रोजगार संवाद मञ्चको सञ्चालन | (सहायक पाँचौ )समर्पण कार्की | १४८०२ |
| ६ | कर्मचारी इन्धन कार्यलय प्रयोजन | (हलुका सवारी चालक)पेशलकुमार अधिकारी | ५०००० |
| ७ | आर्थिकसामाजिकसहायता,भ्रमण खर्च, पदाधिकारी सुविधा,विविध खर्च र सवारी साधन भाडा | (सूचनाप्रबिधिअधिकृत)पुञ्जललुईटेल | ७३३१०० |
| ८ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७बमोजिमउद्यमीकोस्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम | (उद्यम विकास सहजकर्ता)नबिन कार्की | ३५८८७६ |
| ९ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५जनाको समुहमा प्रबिधि हस्तान्तरण | (उद्यमविकास सहजकर्ता)नबिनकार्की | १४०००० |
| **संस्थागत** | | | |
| १ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा कार्यक्रम समेत) | त्रिवेणी धाम गुरुकुल सँस्कृतिक विद्यालय सुनकोशी १०,कटुञ्जे,ओखलढुँगा | ५००००० |
| **उपभोक्तासमिति** | | | |
| १ | वडानं. ७ थाम डाँडा मोटर वाटो निर्माण योजना | वडानं.७थाम डाँडा मोटर बाटो निर्माण योजना सुनकोशी-७ | ६३००० |
| २ | बलखु बेसी सिँचाई योजना | बलखु बेसी सिँचाई योजना सुनकोशी -१ | ९४५०० |
| ३ | दिन्दुक संसा सडक स्तरोन्नती तथा मर्मत योजना,सुनकोशी गा.पा.-४ | दिन्दुक संसा सडक स्तरोन्नती तथा मर्मत योजना,सुनकोशी गा.पा.-४ | ६३००० |
| ४ | सुनकोशि ३ अन्तर्गत सडक मर्मत | सुनकोशी ३ अन्तर्गत सडक मर्मत | ६३००० |
| ५ | पालिका व्याडमिन्टन कोण व्यवस्थापन एवं स्तरोन्ती योजना सुनकोशी ५ | पालिका व्याडमिन्टन कोण व्यवस्थापन एवं स्तरोन्नती योजना,सुनकोशी-५ | २००००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ६ | पालिका व्याडमिन्टन कोण व्यवस्थापन एवं स्तरोन्ती योजना सुनकोशी ५ | पालिका व्याडमिन्टन कोण व्यवस्थापन एवं स्तरोन्नती योजना,सुनकोशी-५ | ११५००० |
| ७ | हाम्रो जंगल हाम्रो धन फलफुल खेती प्रवर्द्धन | हाम्रो जंगल हाम्रो धन फलफुल खेती प्रवर्द्धन,सुनकोशी गा.पा. | ६३००० |
| **व्यक्तिगत** | | | |
| १ | पदाधीकारीईन्धन / मेसिनरी | (ह.स.चा )पेशलकुमारअधिकारी | ५०००० |
| जम्मा | | | ३१,४३,२७८ |
| | | पेश्की | ३१,४३,२७८ |

३२ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३८,८०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ५०,१३,३२७.४६ अर्थात अनुमान भन्दा २९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३३ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३,८१,५४,००४.८० | ५०,१३,३२७.४६ | १.४८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | १२,००,०००.०० | ३८,१७६.०० | ३.१८ |
| भुमिकर/मालपोत | ०.०० | ११,०४,६७६.७४ | ० |
| वहाल कर | ५०,०००.०० | २,५५,६८२.०० | ३५८.७ |
| वहाल विटौरी कर | ३,००,०००.०० | ७,२००.०० | १.९८ |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०.०० | १,८००.०० | १८०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०,०००.०० | ३,१४,६६०.०० | १५७३ |
| अन्य कर | ५०,०००.०० | ९,०६,३७९.९० | १८१ |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | २००.०० | २०० |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ०.०० | १,८००.०० | १८०० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ६१,६४४.०० | ६१६४४ |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ०.०० | ३००.०० | ३०० |
| विद्युत सेवा शुल्क | ०.०० | १०,०६६.०० | १००६६ |
| अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | १४,२८०.०० | १४२८० |
| न्यायिक दस्तूर | २०,०००.०० | ७५०.०० | ३.७५ |
| शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ५००.०० | ५०० |
| परीक्षा शुल्क | ५०,०००.०० | ३,४००.०० | ६.८ |
| अन्य प्रशासनिक सेवा शुल्क | २०,०००.०० | १,७०,११०.०० | ८५० |
| सिफारिश दस्तुर | ३,००,०००.०० | १,३८,६९५.०० | ३९ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,०००.०० | १,३१,१७६.०० | १२८ |
| नाता प्रमाणित दस्तुर | १,००,०००.०० | २९,९२०.०० | २८ |
| अन्य दस्तुर | ३,००,०००.०० | १,०५,३८९.१९ | ३५ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०,०००.०० | ६६,८००.०० | ३३४ |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | १७,०००.०० | १७००० |
| अन्य क्षेत्रको आय | ५,००,०००.०० | १,१८०.०० | ०.२ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | १५,०००.०० | १५००० |
| अन्य राजस्व | ५,००,०००.०० | ४,२६,६९२.६३ | ८५ |
| व्यवसाय कर | १०,०००.०० | ९५,८००.०० | ९५८ |
| बेरूजू | ३,४०,०००.०० | १०,९४,०५०.०० | ३२१ |
| जम्मा | ३८,८०,०००.०० | ५०,१३,३२७.४६ | १२९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **राजस्व वाँडफाँड** -

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ७,३८,५९० | २९५४३६ | ० | २९५४३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९५,४३६ |

३६ **कम राजस्व दाखिला** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ ।पालिकाले राजस्व संकलनका लागि प्रयोग गरेको सिस्टममा देखिय अनुसारको राजस्व सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्नेमा तपसिलका वडाले सिस्टममा देखिएअनुसारको राजस्व संकलन रकम बैंक दाखिला गरेको पाईएन सिस्टमबाट केही रसिदहरु गलत प्रविष्टीका कारण रद्ध गरेपनि रद्ध भएको रसिद सहितको रकम देखियको भन्ने पालिकाको भनाई रहेको छ । ।यस सम्बन्धमा पालिकाले एकिन गरी संकलन अनुसार राजस्व बैंक दाखिला भएको एकिन हुने प्रमाण पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| वडा नं. | सिस्टम अनुसार संकलन गरेको राजस्व | बैंक दाखिला गरेको रकम | बाँकी रकम |
|---|---|---|---|
| १ | २,८५,४४६.७४ | २,८४,७५६.४६ | ६९०.२८ |
| २ | ३,५४,५१३.११ | ३,२७,०४५.८५ | २७,४६७.२६ |
| ३ | २,५२,३६२.६४ | २,५१,३९३.८९ | ९६८.७५ |
| ४ | ३,५४,३६२.०० | ३,०६,९७४.०० | ४७,३८८.० |
| ५ | १,४९,६७८.९० | १,४९,३००.९० | ३७८ |
| ६ | १,२८,०४४.४० | १,२७,४२२.४० | ६२२.०० |
| ८ | १,८६,०७१.०० | १,८५,८५२.०० | २१९.०० |
| ९ | २,८९,६८९.९९ | २,८९,३२४.९९ | ३६५. |
| १० | २,२८,४९८.४० | ४,८५०.०० | २,२३,६४८.४० |
| जम्मा | | | ३,०१,७४६.६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०१,७४६.६९ |

३७ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९५,८०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय

कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **निरीक्षण नभएको** -

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु. ४७,११,५८०.७७ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । यसमा पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **खर्चमा मितव्ययीता** -

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एंव उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सम्बन्धी खर्च., इन्धन खर्च, भ्रमण खर्च, सवारी मर्मत खर्च र विविध खर्चमा रु. ९६,९८,४४९ खर्च लेखेको छ । इन्धन खर्चको लगबुक, मेशिनरी तथा औजार मर्मत र सवारी मर्मत खर्चको अभिलेख, भ्रमण खर्चको खाता अद्यावधिक नगरेको, सभा सञ्चालन खर्च र विविध खर्च समेतमा प्रयोजन नखुलाई निम्नानुसार खर्च भएको हुँदा उक्त खर्च मितव्ययी छ भन्न सक्ने अवस्था देखियन । पालिकाले खर्चमा मितव्ययीता कायम गर्न वजेट तय गर्दा देखि नै ध्यान दिई सोही अनुसार खर्च गर्नुपर्दछ ।

| क्र.स | खर्च शिर्षक | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | ३०००००० |
| २ | भ्रमण खर्च | २२८३६३८ |
| ३ | ईन्धन खर्च पदाधिकारी र कार्यालय प्रयोजन समेत | १३९८१७४ |
| ४ | विविध खर्च | १२७०६४५ |
| ५ | मर्मत खर्च | १७४५९९२ |
| जम्मा | | ९६,९८,४४९ |

४० **भ्रमण खर्च** -

भ्रमण खर्च नियमावली, २०६४ तथा कोशि प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत रु. २२,८३,६३८ भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,
- पालिकाले म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
- भ्रमण पश्चात म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेस नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,
- स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४१ **वडागत खर्च** -

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले नियमित तथा प्रशासनिक खर्च प्रयोजनका लागि प्रत्येक वडालाई रु.५ लाखका दरले रु.५० लाख विनियोजन गरी सोही अनुसार खर्च भएको छ ।वडाले पेश गरेको बिल भरपाई अनुसार पालिकाले भुक्तानी गरेकोमा वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको, सवारीसाधन मर्मत अभिलेख नराखेको, कतिपय खरिद गरेका सामाग्रीहरुको उद्वेश्य नखुलेको तथा खर्चको प्रयोजन खुल्न नसकेको , ईन्धन खर्चको लगबुक नराखेको, विविध खर्चमा बिलमात्र संलग्न गरेको, भ्रमण अभिलेख नराखेको र भ्रमणको उदेश्य नखुलेको देखिन्छ साथै भुक्तानी गर्दा सम्बन्धित पाटीको नाममा भुक्तानी नगरी वडा सचिवको नाममा भुक्तानी गरेको पाईयो । अत: पालिकाले माथि उल्लिखित व्यहोराहरुमा सुधार गरी मितव्ययी रुपले खर्च गर्नुपर्दछ ।

४२ **वितरणमुखी खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्ने साथै खर्चको औचित्य समेत पुष्टि हुनुपर्दछ । यसका केहि उदाहरण निम्न प्रकार रहेका छन् ।

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी लिनेको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | ६०,२०८०/१०/९ | सुवास तामाङ्ग | जनजाति विशेष कार्यक्रम | १५०००० |
| २ | ८७,२०८०/१२/१२ | नमुना स्वास्थ्य आमा समुह | तिज विशेष कार्यक्रम | २०००० |
| ३ | ११२,२०८१/१/२३ | हिम माया तामाङ्ग | आमा समुह सशक्तिकरण कार्यक्रम | ३४५०७ |
| ४ | १४३,२०८१/२/४ | क्रियाशिल स्वास्थ्य आमा समुह | तिज विशेष कार्यक्रम | ३०००० |
| ५ | १५६,२०८१/२/१६ | वडा नं ६ स्तरिय लाङघाली स्वास्थ्य आमा समुह | नारी दिवस कार्यक्रम | २६५९५ |
| ६ | १७५,२०८१/३/६ | वडा सचिव हरिशचन्द्र भुजेल | तिज विशेष कार्यक्रम | ५०००० |
| ७ | १७९,२०८०/३/७ | परिवर्तन स्वास्थ्य आमा समुह सञ्जाल | आमा समुह सशक्तिकरण कार्यक्रम | २०००० |

पालिकाले यस्ता वितरणमुखी खर्चलाई नियन्त्रण गरी आवश्यकतामा आधारित कार्यक्रममा खर्च गर्नुपर्दछ ।

४३ **जरिवाना** - (३७३-२०८१-३-२०):

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।पालिकाले सवारी नविकरण वापतको रकम भुक्तानी गर्दा बिल रकम रु.३६,९१० मा रु.९,६९० जरिवाना सहित रु.४६,६०० भुक्तानी गरेको छ ।समयमै नविकण नगरी जरिवाना सहित भुक्तानी गरेकोले कार्यालयलाई थप व्ययभार परेको हुँदा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,६९० |

४४ **स्थानीय तहका पदाधिकारी सुविधा** -

४४.१ स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुचीमा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.७०,४५,८८० रकम सुविधा वापत भुक्तानी गरेको छ । जुन आन्तरिक आय रु.५०,१३,३२७.४६ को १४० प्रतिशत रहेको छ ।

४४.२ अनुगमन भत्ता - गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ (क) मा मासिक रुपमा गाउँपालिका अध्यक्षले रु. १० हजार , उपाध्यक्षले रु.१० हजार , वडाध्यक्षले रु.४ हजार र कार्यपालिका सदस्यले रु. २ हजार

अनुगमन भत्ताको पाउने उक्त अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले वर्षभरिमा अनुगमन भत्ता वापत रु. ६,६५,२८० भुक्तानी गरेकोमा ऐनले व्यवस्था गरेबमोजिम पालिका अध्यक्ष र उपाअध्यक्ष बाहेक अन्य पदाधिकारीले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेस गरेको पाईएन । ऐनले तोके बमोजिमको मासिक रुपमा तयार भएको अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने रु.

| क्र.सं. | पद | नाम | मासिक अनुगमन भत्ता दर रु. | वार्षिक अनुगमन भत्ता रु. (कर कट्टी घटाएर) |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष १ | प्रकाश सापकोटा | ४००० | ४७५२० |
| २ | वडा अध्यक्ष २ | खिलबहादुर तामाङ | ४००० | ४७५२० |
| ३ | वडा अध्यक्ष ३ | गिर्वराज थापा मगर | ४००० | ४७५२० |
| ४ | वडा अध्यक्ष ४ | टायन्द्र राई | ४००० | ४७५२० |
| ५ | वडा अध्यक्ष ५ | गोविन्दराम तामाङ | ४००० | ४७५२० |
| ६ | वडा अध्यक्ष ६ | विष्णु आलेमगर | ४००० | ४७५२० |
| ७ | वडा अध्यक्ष ७ | चेत बहादुर कटवाल | ४००० | ४७५२० |
| ८ | वडा अध्यक्ष ८ | गुणराज भट्टराई | ४००० | ४७५२० |
| ९ | वडा अध्यक्ष ९ | हितराज कार्की | ४००० | ४७५२० |
| १० | का.पा.स | जमुना घिमिरे | २००० | २३७६० |
| ११ | का.पा.स | लक्ष्मी बाँनिया खत्री | २००० | २३७६० |
| १२ | का.पा.स | सिर्जना पौडेल दाहाल | २००० | २३७६० |
| १३ | का.पा.स | सुशिला श्रेष्ठ | २००० | २३७६० |
| १४ | का.पा.स | होम बहादुर विक | २००० | २३७६० |
| जम्मा | | | | ५,४६,४८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४६,४८० |

४५ **विविध खर्च –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ रु.१२,७०,६४५ खर्च गरेको छ ।उक्त खर्च पालिकाको आन्तरिक आय रु. ५०,१३,३२७.४६ को २५ प्रतिशत हुन आउछ ।विविध खर्च सम्बन्धित केही उदाहरण तपसिल बमोजिम रहेका छन।

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | विविध खर्च सम्बन्धित व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | ११७,२०८१/१/२८ | दोर्जे नाम्गेल होटेल | कार्यपालिका बैठकमा खाजा र खानामा भएको खर्च | ७४००० |
| २ | २७८,२०८१/३/२२ | एलिना एलिसा किराना पसल | ग्यास भरेको, चिनि, चिया, बदाम, काजु खरिद भुक्तानी | ११७८५४ |
| ३ | २८२,२०८१/३/२२ | बड्स फेशन प्रा.लि | टिसर्ट खरिद | ३९४६९ |
| ४ | २८९,२०८१/३/२३ | दोर्जे नाम्गेल होटेल | सावुन, तेल, मसला, जिरा र प्याज खरिदमा खर्च | ५८१०५ |
| ५ | २९५,२०८१/३/२४ | धन बहादुर तामाङ्ग | सभा सञ्चालन हुँदा खसी खरिद | ४९००० |

४६ **फरक शिर्षकमा खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखानियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमको विभिन्न फरक खर्च शिर्षकमा रु. ७,६८,४०० खर्च गरेको पाईयो ।बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा रहेको खर्च शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा कार्यपालिकाको निर्णय अनुसार सुत्रमा कार्यक्रम संसोधन नगरी अन्य खर्च शिर्षकबाट भुक्तानी गर्नु मनासिव देखिएन ।पालिकाले यस्तो खर्च गर्दा नियमानुसार कार्यक्रम संशोधन गरी सोही अनुसार सुत्रमा प्रविष्ट गरी खर्च गर्नुपर्नेमा ऐन तथा नियम विपरित अन्य खर्च शिर्षकबाट भुक्तानी भएको हुँदा अनियमित भएको रु.

| क्र.स | गो.भौ.नं र मिति | विवरण | भएको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५०,२०८०/९/२५ | नीजी शिक्षक तलब भत्ता भुक्तानी | विविध खर्च | नीजी शिक्षक पारिश्रमिक | १००००० |
| २ | ८४,२०८०/१२/८ | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रममा खर्च | शिक्षा शाखागत योजना | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम | ४३१००० |
| ३ | ११९,२०८१/१/२८ | सिमेन्ट र पाईप वापत भुक्तानी | विविध खर्च | निर्मित संरचना मर्मत तथा सम्भार | ६५७०० |
| ४ | १२७,२०८१/१/३० | मसलन्द खरि | विविध खर्च | मसलन्द तथा कार्यालय समाग्री खरिद | ३०००० |
| ५ | १८१,२०८१/३/७ | बाढी पहिरोले कुखुरा फर्म क्षति | विविध खर्च | विपद् व्यवस्थापन | २५००० |
| ६ | १९८,२०८१/३/११ | नसर्ने रोग सम्बन्धी शिविर सञ्चालन | विविध खर्च | नसर्ने रोग सम्बन्धी शिविर सञ्चालन कार्यक्रम | २६७०० |
| ७ | ३४२,२०८१/३/१५ | ल्यापटप खरिद | भैपरी आउने चालु | मसलन्द तथा कार्यालय सामान खरिद | ९०००० |
| जम्मा | | | | | ७,६८,४०० |

| | |
|---|---|
| अनियमित भएको | ७,६८,४०० |

४७ **पाराखोला लघु जलविधुल कर्मचारी व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले पाराखोला लघु जलविधुत कर्मचारी तलब भत्ता उल्लेख गरी रु. १,९८,००० भुक्तानी गरेको छ ।उक्त लघु जलविधुतले लिने विधुत महशुल र पालिकाको स्वामित्वको बारेमा उल्लेख नगरी नाफामूलक संस्थालाई कर्मचारी व्यवस्थापन अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९८,००० |

४८ **प्रमाण पेश नभएको** - (४०-२०८०-९-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले कालिका मा. वि प्राविधिकधार सिन्सेरी लाई विद्यालयले पेश गरेको शिक्षकसँगको करार सम्झौताका आधारमा शिक्षक पारिश्रमिक उल्लेख गरी रु. ४ लाख भुक्तानी गरेको छ ।उक्त विद्यालयले पेश गरेको करार सम्झौतामा पारिश्रमिक वि.व्य.स को निर्णय बमोजिम हुने उल्लेख भएकोमा निर्णय पेश भएको पाईएन ।यसरी भुक्तानी गरेको खर्च पुष्टी हुने विद्यालय व्यवस्थापन समितिको निर्णय, शिक्षकको हाजिरी र शिक्षकले तलब भत्ता बुझेको खुल्ने प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

४९ **दोहोरो भुक्तानी** - (३१३-२०८१-३-१४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५० **डेभियन ईन्टरप्राइजेज -**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.६३७५ कर कट्टी गर्नुपर्नेमा रु.६३८ मात्र कट्टी गरेको हुँदा छुट अग्रिम कर रु. ५७,३७ असुल हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **विवरण** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **करको दर** | **छुट कर रकम रु.** |
|---|---|---|---|---|---|
| १५६,२०८०/१०/११ | योजना पुस्तिका छपाई | डेभियन ईन्टरप्राइजेज | ४८०२५० | १.५ प्रतिशत | ५७३७ |

| असुल गर्नुपर्ने | ५,७३७ |
|---|---|

५१ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ४२९ | ५८ | ८ | १६ | १८ |

५२ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल ११६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० सम्मका योजना | रु.५लाखभन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ९७ | १० | २२ | ६५ |
| २. | वडास्तरीय | १९ | ० | १ | १८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथामिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५३ **उपभोक्ता समितिबाट भएको कार्य एवं भुक्तानी प्रक्रिया -**

५३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको ७ वमोजिम प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक गरेको

सूचना टाँस गर्ने र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । उ.स.ले गरेको कामको भूक्तानी मागगर्दा विल, भरपाई, वैठक अनुमोदन, खर्च सार्वजनिक तथा सामाजिक परीक्षण गरेको प्रमाण नलिई मूल्याङ्कनको आधारमा भूक्तानी गर्ने परिपाटी अपनाएको छ । प्राप्त विवरण अनुसार यो वर्ष उपभोक्ता समिति मार्फत विभिन्न योजनामा रु. ७,१५,०२,१६३ भुक्तानी भएको छ । उपभोक्ता समितिलाई व्यवस्थित र पारदर्शी गराउन तोकिएको मापदण्ड पूरा गरेपछि मात्र मूल्याङ्कन गरी भूक्तानी गर्नुपर्दछ ।

५३.२ प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ (११ औँ संशोधन समेत) को नियम ९७(क) मा रु.५ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• आयोजनाले यो वर्ष विभिन्न १४५ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.७,१५,०२,१६३ भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ ।

• उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

५३.४ लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ५४ हेभी इक्विपमेण्टको प्रयोग -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी

उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गो भौ र मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ५२।२०८१।३।२२ | चौतारा मावि खेलमैदान निर्माण उपभोक्ता समिति | खेलमैदान निर्माण | १०००००० | डोजर | ४११३२० |
| १८६।२०८१।३।१२ | वडा भरीको मोटरबाटो सरसफाई तथा मर्मत उ स | सडक मर्मत | १७३९९३ | डोजर | १७३९९३ |
| २४३।२०८१।३।१९ | नेप्टे भन्ज्याङ्ग सडक निर्माण तथा स्तरोन्नती योजना उ स | सडक निर्माण | २५०००० | डोजर | २३७२७५ |
| २८२।२०८१।३।२४ | ताप्केडाँडा दामती जोड्ने सडक निर्माण उ स | सडक निर्माण | १०८७४०० | डोजर | ७३३७२२ |

५५ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७८।२०८१।३।११ | तुमुक विकासे जोरधारा सडक निर्माण उ स | ५२४५४५ | सुर्यज्योती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ६३४०९३ |
| १९८।२०८१।३।१४ | सुनकोशी गापा वडा नं २ भरीका सडक स्तरोन्नती उ स | ५४४२०० | सुर्यज्योती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ६०७६५७ |
| २२०।२०८१।३।१७ | सुनकोशी ३ मोटर बाटो निर्माण योजना उ स | २५०००० | स्टार विल्डर्स एण्ड सप्लायर्स प्रा लि | २८९२६० |
| २२३।२०८१।३।१७ | गैरीजेरुङ्ग सडक निर्माण उ स | २५०००० | सुर्यज्योती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २८६३९१ |
| २३३।२०८१।३।१८ | सुनकोशी ४ अन्तर्गतका सडक मर्मत सम्भार उ स | ३००००० | यसोदा निर्माण सेवा | ३४०१७३ |
| २४४।२०८१।३।१९ | डाँडादेउ अर्चले ढाडे साखिने सडक निर्माण उ स | ४००००० | स्टार विल्डर्स एण्ड सप्लायर्स प्रा लि | ४४८३२८ |
| २७४।२०८१।३।२३ | गैराघर ठूलागाउँ सडक निर्माण उ स | १०७३८० | स्टार विल्डर्स एण्ड सप्लायर्स प्रा लि | ११९५४६ |
| २७५।२०८१।३।२३ | सुनकोशी ९ सडक मर्मत तथा निर्माण योजना | १६७८५३ | स्टार विल्डर्स एण्ड सप्लायर्स प्रा लि | १८६७८३ |
| १६। ०८१।०३।११ | प्रवुद्ध मा वि खेलमैदन देखि दुर्गा मन्दिर सम्म सडक निर्माण योजनासुनकोशी ७ | २२३५०० | सूर्यज्योती कन्सट्रक्सन एण्ड सप्लायर्स | २८३२७९ |
| १७। २०८१।०३।१७ | जेरुङ सादी सडक निर्माण योजना सुनकोशी ४ | ३००००० | सूर्यज्योती कन्सट्रक्सन एण्ड सप्लायर्स | ३००३९९ |
| २७। २०८०।०९।२२ | रचने केर्बेटार सडक निर्माण योजना सुनकोशी ५ | ६२१८४१ | हरबोट कन्सट्रक्सन प्रा लि | ६६०५३० |
| ११३। २०८१।०१।२३ | तेस्रो बारी टोड्के सडक निर्माण योजना सुनकोशी २ | ३००००० | कौशिका कन्सट्रक्सन प्रा लि | ३३४४९० |
| १४२। २०८१।०२।२० | रयले मोटरबाटो ट्याक परिवर्तन सुनकोशी ७ | ७००००० | सूर्यज्योती कन्सट्रक्सन एण्ड सप्लायर्स | ७७९५०४ |
| १६३। २०८१।०३।०८ | आलेगाउँ सडक निर्माण तथा स्तरोन्नती योजना सुनकोशी ६ | १५००००० | सूर्यज्योती कन्सट्रक्सन एण्ड सप्लायर्स | १६९६६९ |
| १७७। २०८१।०३।११ | चिउरिबोट बुलुखु सडक निर्माण योजना सुनकी ४ | ३००००० | सूर्यज्योती कन्सट्रक्सन एण्ड सप्लायर्स | ३४०४४० |

५६ **कन्टिन्जेन्सी खर्चको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन । आ.व २०८०/८१ मा कन्टीन्जेन्सी कट्टी गरी रु.१२,६०,९३९ खर्च गरेको भनी विवरण पेस गरेकोमा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक

कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी रकमबाट गर्नुपर्ने प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता, पानी विजुली महशुल, कार्यालय सामाग्री खरिद र दैनिक भ्रमण भत्ता जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिनजेन्सी खर्च गर्नु उचित र नियमसम्मत देखिएन ।यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

५७ **ककनी मिनिग्रिड साझेदारी कोष -**

सुनकोशी ककनी सौर्य मिनी ग्रीड ७० कि.वा. पिक सुनकोशी ९ योजना सम्पन्न गर्न बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र सुनकोशी गाउँपालिका बिच कुल लागत रु.६ करोड २४ लाख ८२ हजार ९० प्रतिशत केन्द्रले र बाकी १० प्रतिशत पालिकाले व्यहोर्ने गरी गरी सम्झौता भएकोमा भेरिएसन पश्चात कुल लागत रु. ६ करोड ४२ लाख ८८ हजार कायम भएको छ । सम्झौतामा आयोजना जडान पश्चात आयोजना संचालनको जिम्मेवारी स्थानीय तहको हुने र स्थानीय तहले मर्मत सम्भारकोष स्थापना गरी नियमित रुपमा मर्मत संभार गरी आयोजनाको दीगोपनको सुनिश्चितता गर्ने र सोको लागि महशुल निर्धारण गरी मासिक महशुल संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वैकल्पिक उर्जा केन्द्रलाई अन्तिम किस्ता भुक्तानी वापत रु.३२ लाख भुक्तानी गरेबाट निर्माण कार्य सम्पन्न भएको देखिन्छ । पालिकाले मासिक महशुल निर्धारण गरी उक्त रकम आयोजना मर्मत सम्भारकोषमा दाखिला हुने र सोहि रकमबाट आयोजनाको दिगोपनाको सुनिश्चिता गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ८५ जनालाई औसत ९९.६३ दिनले ८४८४ दिन रोजगारी उपलव्ध गराई रु.५९ लाख ७२ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५९ **प्रशासकीय भवन निर्माण -**

५९.१ प्रशासकीय भवन निर्माणको लागि ठेक्का नं.२/०७८/०७९ बाट ३६ महिनामा निर्माण सम्पन्न गर्ने गरी जुमदिप कन्सट्रक्सन सँग मिति २०७९।०२।१७ गते रु.८,९९,४५,५३१.४० को सम्झौता गरी सातौ रनिङ्ग विल सम्मको मूल्य समायोजन रु. ३३,५८,०५४.१५ समेत आठौ रनिङ्ग बिल सम्म जम्मा रु.८२,४०,८३४२.३५ भुक्तानी भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम छन् :

भेरिएसन आदेश - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ को उपदफा १ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । लागत अनुमान बनाउदा नै भवनको तिन तले भवनको लागि आवश्यक पर्ने न्यूनतम ब्रिक मेशिनरी, माटो खन्ने,पुर्ने कामको परिमाण समेत छुटाई लागत अनुमान स्वीकृत गरी ठेक्का गरेको कारण भेरिएसन गरी यस वर्ष सम्म संसोधित सम्झौता रकम रु.९,२०,४५,५३१.४० पुगेको छ । यसरी भेरिएसन आदेश जारी गर्दा निर्माण कार्य सँग असम्बन्धित सामाग्री समेत नयाँकाम भनि थप भएकोले प्रतिस्पर्धा सिमित भएको देखियो । यस्तो कार्यमा पालिकाले सुधार गरी प्रतिस्पर्धा सिमित नहुने गरी नियमानुसार कार्यसम्पादन गर्नुपर्दछ ।

| सामाग्रिकोनाम | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| 60 KVA Digital Servo Voltage | १ | ४५९८७० | ४५९८७० |
| 125 A MCCB and MCCB Box | १ | ३८९०० | ३८९०० |
| 300 A Change Over LT type | १ | ८८००० | ८८००० |
| 4 MP IP Dome Camera | १९ | १२२०० | २३१८०० |
| 4 MPIP Bullet Camera | १० | १३६०० | १३६००० |
| 32 chanel NVR | ३ | ८५८८० | २५७६४० |
| 8 TB Hard Disk | २ | ४०६८० | ८१३६० |
| POE Switch 16 ports | ३ | ३०३९७ | ९११९१ |
| 32" Led Monitor Screen | १ | ४५६०० | ४५६०० |
| HDMI Cable 25 Meter long | १ | ५२०० | ५२०० |
| 6U Rack Metal | ३ | २१२०० | ६३६०० |
| जम्मा | | | १४९९१६१ |

५९.२ मूल्य समायोजन - निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्त ५३.१ मा मूल्य समायोजन दिन सकिने उल्लेख छ । तर शर्त ५३.७ मा मूल्य समायोजन रकम सम्झौता रकमको शून्य प्रतिशत भन्दा वढि नहुने उल्लेख छ।पालिकाले सम्झौताको शर्तमा प्रष्ट नगरी तथा दोहोरो अर्थ लाग्ने शर्त राखी तपसिलबमोजिमको मूल्य समायोन रकम भुक्तानी गरेको छ ।पालिकाले दोहोरो अर्थ नलाग्ने तथा स्पष्ट शर्त राखेर सम्झौता गरी सोही अनुसार भुक्तानी दिनुपर्दछ ।

| रनिङ बिल | मूल्य समायोजन रकम |
|---|---|
| पहिलो | ५६४४३७.७९ |
| दोस्रो | ६५५३१९.४२ |
| तेस्रो | ३४४७००.५४ |
| चौथो | ३९८४१५.६९ |
| पाचौं | ४७६९४७.५८ |
| छैठौं | ५९९६२७.७४ |
| सातौं | ३१८६०५.३९ |
| जम्मा | ३३५८०५४.१५ |

५९.३ पेश्की कट्टा नगरेको - निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्त ५३.१ मा मूल्य समायोजन दिदा पेश्की रकम कट्टा गरी भुक्तानी दिनबाकी रकमको मात्र मूल्य समायोजन रकम गणना गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निम्न रनिङ्ग बिलको भुक्तानी गर्दा पेश्की कट्टा नगरी मूल्य समायोजन रकम गणना गर्दा वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| रनिङ बिल | पेश्की कट्टा रकम | समायोजन फ्यक्टर | वढि भुक्तानी |
|---|---|---|---|
| पहिलो | ६३००००० | ०.०३४ | २१४२०० |
| दोस्रो | १६५७७८१ | ०.०५५ | ९११७८ |
| पाचौं | २२१५१५७ | ०.०४५ | ९९६८२ |
| छैठौं | ३९२४६८८ | ०.०४७ | १८४४६० |
| सातौ | २२५०३९९ | ०.०३१ | ६९७६२ |
| जम्मा | | | ६५९२८३ |
| भ्याट सहित | | | ७४४९८९ |

| असुल गर्नुपर्ने | ७,४४,९८९ |
|---|---|

६० **पाँच शैया अस्पताल भवन निर्माण** –

६०.१ **भेरियसन** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ को उपदफा १ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । पालिकाले डी.पी.आर पुनरावलोकनबाट शवगृह, क्यान्टिन, प्रवेश र निवास गेट लगायतका आईटम समेत थप गर्दा रु.१ करोड ७ लाख रकम बढ्ने गरी भेरियसन आदेश स्वीकृत गरेको पाईयो । डी.पी.आर गर्दा पर्याप्त ध्यान नदिँदा प्रतिस्पर्धा सिमित हुने गरी भेरियसन आदेश स्वीकृत गरी भुक्तानी गरेको पाईयो ।यस्तो कार्यमा सम्बन्धित सबैको ध्यान दिई खरिद कार्यलाई प्रतिस्पर्धि र मितव्ययी बनाउनु पर्दछ ।

६०.२ **मूल्य अभिवृद्धि कर समायोजन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१६** को निर्णयले रू **४,१४९,६५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६१ **डीपीआर खर्च तथा परामर्श खर्च** -

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।त्यसैगरी उक्त डीपीआरबाट आयोजनाको लागत अनुमान पनि खुलाउन नसक्दा उक्त परामर्श सेवाको कुनै औचित्य रहदैन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| कार्यविवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सुनकोशी नदी तथा खोलाका बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपमा नदीजन्य पदार्थ उत्खनन तथा संकलनका लागि **IEE** | मास्टर मिडिया एण्ड सप्लायर्स प्रा लि | ५००००० | ४९६००० | नखुलेको |

६२ **शिक्षकको तलब भत्ता** -

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विद्यालयहरूमा आधारभुत तह र माध्यमिक तहका शिक्षक व्यवस्थापन अनुदान उल्लेख गरी निजी शिक्षक तलब भत्ता शिर्षकबाट रु. ६२,६७,११५ भुक्तानी गरेको छ । शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी गरेको खर्चलाई मनासिव मान्न सकियन ।पालिकाले शिक्षक विद्यार्थि अनुपात र दरवन्दी मिलान गरी आवश्यकता अनुसार मात्र खर्च गर्नुपर्दछ ।

६३ **स्यानिटरी प्याड खरिद** - (३१३-२०८१-३-२२):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापन गर्न प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई स्यानीटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले झरना इन्टरप्राइजेज बाट १५००० स्यानीटरी प्याड खरिद गरी रु.४,०६,८०० खर्च गरेको छ । उक्त स्यानीटरी प्याडहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै मौज्दात राखेको देखियो । वर्षातको समयमा बाटोको समस्याले गर्दा समयमा वितरण गर्न नसकेको भन्ने पालिकाको भनाई रहेको छ । उक्त स्यानीटरी प्याड यथासिघ्र वितरण गर्नुपर्दछ ।

६४ **प्रारम्भिक बालविकास सहजकर्ता** -

प्रारम्भिक बालबिकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्यक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगिको लागि मासिक रु.८००० अनुदान दिने व्यवस्था छ । तपसिल विद्यालयका २५ जना बालबालिका वरावर १ सहजकर्ता राख्नुपर्नेमा २५ भन्दा कम भएको विद्यालयमा पनि १ भन्दा बढी सहजकर्ता राखेको पाईयो। प्रति सहजकर्ता प्रतिमहिना रु.१५००० का दरले निकासा दिएको छ। निर्देशिका अनुसार बढी संख्यामा सहजकर्ता राखि भुक्तानी दिदा थप व्ययभार पारेकोले नियमित गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | बिद्यार्थी संख्या | सहजकर्ता संख्या | राख्नुपर्ने | बढी | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमसेन प्रा वि घलेपाटी | ७ | २ | १ | १ | ४१०००० | २०५००० | २०५००० |
| २ | चन्चला देवि बाल विकास केन्द्र | ९ | २ | १ | १ | ४१०००० | २०५००० | २०५००० |
| ३ | सुमित्रा देवि बाल विकास केन्द्र | १० | २ | १ | १ | ४१०००० | २०५००० | २०५००० |
| ४ | कटुन्जे मा वि | १३ | ४ | १ | ३ | ८२०००० | २०५००० | ६१५००० |
| ५ | जगत जननी आ वि | १३ | २ | १ | १ | ४१०००० | २०५००० | २०५००० |
| ६ | त्रिवेणीधाम गुरुकुल संस्कृत आ वि (विद्यालय सहयोगि) | | २ | १ | १ | ४१०००० | २०५००० | २०५००० |
| जम्मा | | | १२ | ५ | ७ | २८७०००० | १२३०००० | १६४०००० |

| | |
|---|---|
| अनियमित भएको | १६,४०,००० |

६५ **शिक्षकको तलब भत्ता निकासा -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।पालिकाले निम्न बमोजिम तलबी प्रतिबेदनमा पारित ग्रेड भन्दा वढि ग्रेड रकम निकासा दिएकोले उक्त ग्रेड यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त ग्रेड रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | पारितग्रड | निकासा ग्रेड | वर्षमा वढि ग्रेड | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| थानीमा वि जेरुङ वडा नं ४ | सुन्दर काजी श्रेष्ठ | ० | ४ | ५२ | १०९७ | ५७०४४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,०४४ |

६६ **प्राविधिक ग्रेड -**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ मा प्रविधिक धारमा कक्षा ९- १२ मा कार्यरत प्रशिक्षकले,सहायक प्रशिक्षकले मासिक रु.३००० को दरले १० महिना प्राविधिक भत्ता पाउने व्यवस्था छ । पालिकाले प्रवुद्ध मा विमा निम्न माध्यमिक तहमा प्रशिक्षण गराउने शिक्षकलाई समेत प्राविधिक भत्ता दिएकोले शिक्षकले प्राविधिक भत्ता पाउने आधार भए पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रशिक्षकको नाम | तह | दर | महिना | जम्मा |
|---|---|---|---|---|
| धिरेन्द्र खड्का | निमावि द्वितिय | ३००० | १० | ३०००० |
| अनुप | निमावि द्वितिय | ३००० | १० | ३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

६७ **प्रोत्साहन भत्ता** - (२१४-२०८१-३-१४):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ मा नमुना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान रु.२ लाख उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले प्रवुद्ध मा वि च्यानममा सोहि प्रयोजनको लागि भौ नं.७३।०८०।९।१९ बाट रु.२७,०५७/- निकासा गरेकोमा पुन: भौचर नं.२१४।०८१।०३।१४ मा समेत रु.२ लाख समेत गरी कुल रु.२२,७०५७/- निकासा गरेकोले वढि निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,०५७ |

६८ **शिर्षक फरक पारी खर्च** - (२८४-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुर्‍याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर पालिकाले पूँजीगत शिर्षकबाट सुनकोशी बहुमुखी क्याम्पसका ११ जना शिक्षकको तलब वापत रु.२ लाख खर्च लेखेको छ । यसरी पूँजीगत शिर्षकबाट चालु प्रकृतिका खर्च गरेको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

६९ **दिवा खाजा -**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८०।०८१) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन

वापत रु. ५४ लाख ४६ हजार ५ सय ७१ निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। पालिकाले निकासा गरेको उक्त रकमबाट दैनिक दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्नेमा विद्यालयहरुले विद्यार्थीलाई १८० दिनको हुनआउने रकम नगद वितरण गरेको व्यहोरा संलग्न भरपाईबाट देखिन्छ । दैनिक हाजिरी पेश गर्न लगाई निकासा भएको रकम र दैनिक विद्यार्थी उपस्थिति अनुसार खर्च भएको रकम भिडान गरी दिवाखाजामा भएको उक्त खर्च नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५४,४६,५७१ |

७० **प्राविधिक धारको विद्यालय** - (७३-२०८०-९-८):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ मा शिक्षण सिकाई सामाग्री तथा Lab Assistant, Equipments and Practical materials व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान अन्तर्गत प्राविधिक धारमा संचालन भएक विद्यालयमा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीको संख्या यकिन गरी प्रतिविद्यार्थी रु.१५,०००/- को दरले हुन आउने रकम एकमुष्ट विद्यालयलाई अनुदान दिने र उक्त रकमबाट विद्यालयले प्राथमिकताका आधारमा खर्च गर्ने तथा OJT मा सहभागि हुने विद्यार्थीका लागि प्रति महिना १ हजारको दरले रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने उल्लेख छ । पालिकाले प्राविधिकधार अन्तर्गत बाली विज्ञानको लागि छनौट भएको प्रवुद्ध मा वि च्यानमा १२० जनाको लागि रु.१५,०००/- को दरले जम्मा रु.१८ लाख निकासा गर्दा उक्त विद्यालयमा बाली विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको संख्या यकिन हुने प्रमाण संलग्न गरेको छैन । उक्त विद्यालयबाट प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या यकिन हुने प्रमाणका साथै OJT मा सहभागि विद्यार्थीलाई मासिक रुपमा १ हजारको दरले उपलब्ध गराएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

७१ **औषधि खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.२७,१४,४५३ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्र.स | गो.भौ.नं र मिति | फर्मको नाम | खरिद विधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १३६,२०८१/१/२४ | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि | बोलपत्र | ९०६११० |
| २ | ३३३,२०८१/३/२४ | नयन मेडिको फर्मा | बोलपत्र | ५८१९९३ |
| ३ | ३३६,२०८१/३/२४ | गुडलक मेडिकल एण्ड सर्जिकल सप्लायर्स | सोझै खरिद (बोलपत्रको दररेटमा) | ९९९४०० |
| ४ | ३३७,२०८१/३/२४ | नयन मेडिको फर्मा | सोझै खरिद (बोलपत्रको दररेटमा) | २२६९५० |
| जम्मा | | | | २७,१४,४५३ |

७२ **प्रमाण पेश** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले तपसिलबमोजिमको कार्यक्रम संचालन गरी भुक्तानी दिँदा सोलाई पुष्टी गर्ने बिल भरपाई संलग्न राखेको पाईएन ।उक्त खर्च पुष्टी गर्ने बिल भरपाई पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | व्यहोरा | रकम |
|---|---|---|---|---|
| २ | ८१,२०८०/१२/६ | आरु भञ्ज्याङ मा.वि | व्यवस्थापन खर्चको उल्लेख भएकोमा प्रमाण पेश नभएको | ५००००० |
| ३ | २८१,२०८१/३/२२ | आदर्श मल्टिप्रपोज प्रा.लि | जेष्ठ नागरिक सँग अध्यक्ष कार्यक्रमबाट ५०० थान ३.२ लिटरका थर्मस, ईलेक्ट्रिक कितत्तेली र समर ब्लाङकेट खरिद गरी रु.९३९८०८ भुक्तानि गरेकोमा सो अनुसार वितरण गरेको भरपाई संलग्न गरेको पाईएन । | ९३९८०८ |
| ४ | ७०,२०८०/११/९ | वडा नं १० वडा सचिव प्रकाश ढकाल | संस्कार खर्च वापत रु.१ लाख पेश्की लिएकोमा रु.९९ हजारको मात्र प्रमाण पेश | १००० |
| ५ | २०७,२०८१/३/१३ | वडा नं २ वडा सचिव पोषराज थापा | मिति २०८०/८/२४ को एउटै विषयको दुई माईन्युट देखियको हुँदा दुई बैठक र फरक बिषयमा बैठक बसेको खुल्ने प्रमाण पेश गर्ने | ७००० |
| जम्मा | | | | १४४७८०८ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४७,८०८ |

७३ **डकुमेन्टी निर्माण** - (४२२-२०८१-३-३१):

पालिकाले सी मल्टिमिडियासँग डकुमेन्टी निर्माणका लागि मिति २०८१/३/४ मा गरेको सम्झौता अनुसार सुनुकोशी गाउँपालिकाको विकास निर्माण सम्बन्धी श्रव्य दृश्य सामाग्री निर्माण गरी बिल सहित आवश्यक सामाग्री उपलब्ध गराउने उल्लेख छ ।पालिकाले डकुमेन्टी निर्माण वापत उल्लेख गरी सी मल्टिमिडियालाई रु.३ लाख भुक्तानी दिएको छ । सम्झौता वमोजिम कार्यक्रम सम्पन्न भएको प्रतिवेदन र TOR अनुसार डकुमेन्टी निर्माण भए/ नभएको सम्वन्धमा चेकजाँच भएको पाईएन । प्राप्त भएका डकुमेन्टी, ईलेक्ट्रोनिक कपी र सिडि दाखिला गरेको पनि देखिदैन ।कार्यालयले यस्तो कार्य गर्दा मितव्ययी रुपमा गर्ने र प्राप्त भएका स्रोत सामाग्री दाखिला गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो नगरेको हुँदा पालिकाले TOR अनुसार डकुमेन्टी निर्माण भएको सुनिश्चतता सहित दाखिला गरेको प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

७४ **अनुदानको अनुगमन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले निम्न ४ कृषि तथा पशुपक्षी फर्मलाई ५० प्रतिशत लागत साझेदारीमा फलफूल प्रर्वद्धन कार्यक्रमबापत रु.८,००,००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ र मिति | फर्मको नाम | पालिका अनुदान | लागत सहभागिता |
|---|---|---|---|
| २९५।२०८१।३।२० | आयुषा कृषि तथा पशुपक्षी फार्म | २००००० | २००००० |
| ३०७।२०८१।३।२२ | नविनतम कृषि तथा पशुपक्षी फार्म | ५०००० | ५०००० |
| ३०८।२०८१।३।२२ | पौडेल कृषि तथा पशुपक्षी फार्म | ४००००० | ४००००० |
| ३१०।२०८१।३।२२ | एस के सुनुवार एग्रीकल्चर फार्म | २५०००० | २५०००० |
| **जम्मा** | | **८०००००** | **८०००००** |

७५ **किसान सुचिकरण कार्यक्रम** - (२५२-२०८१-३-१५):

किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि,२०७७ को अनुसुची ५ मा किसान सुचिकरण कार्यक्रमको लागि विनियोजित बजेट वडा समितिको बैठक व्यवस्थापनको लागि वढिमा २० प्रतिशत, सुचना प्रवाहमा वढिमा २० प्रतिशत बाकि घुम्ती शिविर संचालन तथा परिचालक परिचालनको लागि खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले विनियोजित रु.२४९००० को २० प्रतिशत ४९२०० खर्च गर्न सकिनेमा ६८७०० खर्च भएकोले वढि खर्च भएको रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १९,५०० |
|---|---|

७६ **बिउँ पूँजी** -

पालिकाले बिउँ पूँजीको कोष स्थापना गर्न हलेसी दर्शन कृषि सहकारी संस्था लिमिटेडसँग मिति २०८०।११।०४ मा सम्झौता गरी एकमुष्ठ रु.५ लाख उपलब्ध गराएको छ । सम्झौतामा पालिकाले तोकेको भाडा दरमा बाहिरबाट डिलर सम्म ल्याएको कृषि सामानलाई १० प्रतिशत छुट र डिलरबाट सम्बन्धित वडा सम्म पुर्याएको भाडामा ४० प्रतिशत छुट सहित रसायनिक मल ढुवानी गरी किसानको घर सम्म सहकारी संस्थाले पुर्याउनुपर्ने, सहकारीले उक्त रकम मास्न नपाउनुका साथै ३ वर्षमा उक्त रकम गाउँपालिकालाई फिर्ता गर्नुपर्ने उल्लेछ । सहकारीले सहुलियत दरमा बीउ विजन र कृषि सामाग्री उपलब्ध गराएको नगराएको तथा कोषको उपयोग र प्रगति सम्बन्धि प्रतिबेदन ६/६ महिनामा पालिकामा उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि लेखापरीक्षण अवधि सम्म त्यस्तो प्रतिबेदन प्राप्त भएको छैन । पालिकाले सम्झौता बमोजिम प्रतिबेदन माग गरी कोषको सदुपयोग भए/नभएको सम्बन्धमा विवरण तयार गर्नुपर्दछ ।

७७ **अग्रिम करकट्टी नगरेको** -

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.५,७४९ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

| क्र.स | गो.भौ.न. र मिति | भुक्तानीलिनेको नाम | बिल रकम | करको दर | कट्टी गर्नु पर्ने कर रकम रु. | भएको कट्टी कर रकम रु. | छुट कर रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | २९,२०८०/७/२ | मुलखर्क सडक सोलिङ उ.स | १०१५०० | २.५ | २५३८ | | २५३८ |
| २ | विविध चालुको २२।२०८१।३।१५ | इनस्ट्याण्ट आई. टी. स्पोर्ट प्रा.ली. | २,१४,०२७ | १.५ | ३२११ | | ३२११ |
| जम्मा | | | | | | | ५७१५ |

| असुल गर्नुपर्ने | ५,७४९ |
|---|---|

७८ **समावेशी अपाङ्गता सेवा समाज अनुदान** - (२४-२०८१-३-१८):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७९ **प्रविधि हस्तान्तरण** -

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.३९६३०० को विभिन्न मेशिन औजार खरिद गरी स्टोर दाखिला गरेको छ । कुल अंकको शत प्रतिशत नै आपूर्तिकर्तालाई भुक्तानी गरी विभिन्न व्यक्ति तथा उद्यमीलाई उक्त प्रविधि स्वरुप उपलब्ध गराउनुपर्ने उक्त सामाग्री मौज्दातमा राखेकोले २० प्रतिशत लागत साझेदारी गराई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,३०० |

८० **बीउँपूजी परिचालन**

सुनकोशी गाउँपालिका चालुकोष स्थापना तथा बीउँपूजी परिचालन कार्यविधि,२०८० को बुँदा नं ४ मा कार्यालयले सम्झौता गरि समुह/समिति/सस्थालाई बीउँपूजी प्रदान गर्दा बढिमा ५ वर्षको अवधि कायम गरिने उल्लेख छ भने सोहो कार्यविधिको बुँदा नं.९ मा सम्झौताको अवधि एक आर्थिक वर्षको हुने र चालुकोषको परिचालन गर्ने संस्थाले सम्झौता बमोजिम चालुकोष रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले दश महिला समुह सँग एक वर्षको अवधि कायम हुनेगरी सम्झौता गरी मिति २०८१/३/२० मा रु.४० हजारका दरले रु. ४ लाख उपलब्ध गराएको छ । कार्यविधिको बुँदा नं ४ र ९ देखिएको अस्पष्टतालाई प्रष्टपारी कार्यविधि बमोजिम बीउँपूजी परिचालनको अनुगमन गर्ने र कोष फिर्ता लिने गर्नुपर्दछ ।

८१ **सामाजिक सुरक्षा वितरण** -

पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत जम्मा रू.१०,५४,५५,८९८ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

८१.१ **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैँकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

८१.२ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले समयमै लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८१.३ **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले पहिलो र दोस्रो त्रैमासिक रकम लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैँक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा

रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

८१.४ **मृत्यु पश्चात भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले पालिकाभरीका लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैकं मार्फत रकम निकासा गरेको छ । पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरि बैकंलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले मृत्यु भएका व्यक्तीको खातामा समेत रकम जम्मा भए / नभएको एकिन हुन सकिएन ।आ.व २०८०/८१ मा रु.४,२९,१२० एकमुष्ट वैङ्कले मृत्यु भईसकेको व्यक्ती लगायत अन्य लगत कट्टा गरिएका व्यक्तीको खाताबाट खिचीएको देखाए पनी क - कसको खाताबाट खिचिएको पालिकाले बढी र नपाउने भत्ता बितरण भएको छैन भनि सुनिश्चित गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति रनिङ्ग सिल कार्यक्रम संचालन वापत सुनकोशी मा.वि.लाई रु.२५००० भुक्तानी गरेकोमा विद्यालयले २१९५० को मात्र विल पेश गरेकोले बाँकी रकम रु.३०५० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु. | ३,०५० |
| २ | मिलिजुली समूहहरुको कोषको अवस्थाः अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत पालिकाले अपांग व्यक्तिहरु लाभांवित हुने गरी प्रत्येक वडामा मिलिजुली समूह गठन गरी रु.५०००० का दरले १० समुहको कोष स्थापना गरी रकम रु.५०००००० जम्मा गरेको देखिन्छ । मिलिजुली समुह गठन गरी समुहको कोषमा रकम मात्र जम्मा भएको र सो कोषको संचालन तथा परिचालन प्रभावकारी रुपमा भएको देखिएन । अतः मिलिजुली समुहको विउपुजी कोष प्रभावकारी रुपमा संचालन गरी कार्यक्रमको उदेश्य अनुसार कार्य भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, ओखलढुंगा , सुनकोशी गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम कुमार कार्की | २०७९-२-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुबास धमला | २०७८-३-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८५०,११२ | ८,२६२,६६१ | ८,७९६,८२०.६९ | ० | ० | ३,१४३,२७८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २१,०५२,८७१.६९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,९८७,०५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ३,०५० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,०६८,८७०.६९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४२३४८०५७.४२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१२३०४४८०.८ | चालु खर्च | २९८३७५८९५.६८ |
| प्रदेश सरकारबाट अनुदान | २५८४९५२४ | पूँजीगत खर्च | १३१५८७३७५.९ |
| राजश्व बाँडफाँट | ७३२७६०६८.०३ | वित्तीय/अन्य व्यवस्था | ७०७८०५८.० |
| आन्तरिक आय | ५०१३३२७.४६ | | |
| अन्य आय | ११४९५४५२.९८ | | |
| कुल आय | ४२७९३८८५३.२७ | कुल खर्च | ४३७०४१३२९.५८ |
| बाँकी मौज्दात | | ३३२४५५८१.११ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।